# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०६।२१ गते

# प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा।

---------------------------------------------------

महानगरीय प्रहरी वृत्त, बौद्ध, काठमाडौंका प्रहरी नायव उपरीक्षक श्यामकुमार राईले सेवाग्राहीसँग Sony कम्पनिको TV खरिद गरी ल्याईदिनु भनी जिन्सी सामानको रूपमा घुस/रिसवत माग गरेको र TV आफैले खरिद गरी ल्याउने र सो खरिद गरे बापतको बिलको भुक्तानी दिनको लागी सेवाग्राहीलाई पटक-पटक फोन गरी घुस/रिसवत माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टङ्गालबाट खटिइ गएको टोलीले निजलाई रु.१,४०,०००।-(एक लाख चालीस हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा महानगरीय प्रहरी वृत्त बौद्धस्थित निजकै कार्यकक्षबाट मिति २०७५।६।२० गते नियन्त्रणमा लिइ अनुसन्धान भइरहेको छ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता